**बैठक संख्याः २०८२/८३-९**

आज मिति २०८२ माघ २५ गते आइतबारका दिन विहान ८ बजे सिस्ने गाउँ कार्यपालिकाको कार्यालय, रुकुमकोट, रुकुम (पूर्वी भाग) मा सिस्ने गाउँ कार्यपालिकाका अध्यक्ष श्री कृष्ण रेग्मी ज्यूको अध्यक्षतामा बसेको सिस्ने गाउँ कार्यपालिकाको बैठकमा तपसिलको उपस्थितिमा देहायका विषयहरुमा आवश्यक छलफल गरी निर्णयहरु पारित गरियो ।

***तपसिलः***

| | |
|---|---|
| श्री कृष्ण रेग्मी | अध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल रेउले | उपाध्यक्ष, सिस्ने गाउँ कार्यपालिका |
| श्री डिल्ली खड्का | सचिव, सिस्ने गाउँ कार्यपालिका |
| श्री रज बहादुर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री कृष्ण बहादुर खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री हेराम खड्का | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री दलराज घर्ति | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री बिरेन्द्र बस्नेत | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री पूर्ण बहादुर मल्ल | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री शशिधर बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री गोपाल पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सूर्य बहादुर नेपाली | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री थल बहादुर सार्की | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री तिर्था पुन | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री सुपरी बुढा | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री मीना के.सी. | सदस्य, सिस्ने गाउँ कार्यपालिका |
| श्री धन कुमारी बुढा खत्री | सदस्य, सिस्ने गाउँ कार्यपालिका |

***अन्य उपस्थितिः***

श्री अरुण कुमार वली प्रशासन शाखा प्रमुख

# सिस्ने गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**Google plus –JJ8H+R22 RUKUMKOT**
**रुकुमकोट, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**

प.स. २०८२।८३
च.न.

**मिति २०८२/१०/२५ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :**

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा।
२. कार्यविधि स्वीकृति सम्बन्धमा ।
- मानव एम्बुलेन्स सम्बन्धि कार्यविधि २०८२
- अनुगमन तथा सुपेरिबेक्षण सम्बन्धि कार्यविधि २०८२

३. प्रदेश समपुरक अनुदान माग सम्बन्धमा ।
४. प्रदेश बिशेष अनुदान माग सम्बन्धमा ।
५. सडक बोर्डको बजेट द्वारा संचालन हुने योजना छनौट सम्बन्धमा ।
६. लागत साझेदारीमा विद्यालयको भवन निर्माण सम्बन्धमा ।
७. अनुगमन समितिको प्रतिबेदन पेश सम्बन्धमा ।
८. ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।
९. खानेपानी सम्बन्धी ठुला योजना सिफारिस सम्बन्धमा ।
१०. घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।
११. विविध ।

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०९/२३ गते बसेको गाउँ कार्यपालिकाको बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा ब्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ कार्यविधि स्वीकृत सम्बन्धमा ।**

**निर्णय नं २:**

सिस्ने गाउँपालिकाको विविध काम काजलाई सहजता बनाउनका लागि देहायका कार्यविधि स्वीकृत गरि लागु गर्ने निर्णय गरियो ।

- मानव एम्बुलेन्स सम्बन्धि कार्यविधि २०८२
- अनुगमन तथा सुपेरिबेक्षण सम्बन्धि कार्यविधि २०८२

**प्रस्ताव नं ३ प्रदेश समपुरक अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं ३:**

आगामी आव २०८३।८४ का लागि कार्यान्वयन हुने प्रदेश समपुरक अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव माग गरि पठाउने निर्णय गरियो ।

| **क्र. सं.** | **योजना/ कार्यक्रम** | **प्रस्तावित रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | ४ नं वडा कार्यालय भवन निर्माण | लागत इस्टिमेट अनुसार | |
| २ | गौरोफाल्ने बगर पोखरा ढल निकास | लागत इस्टिमेट अनुसार | |
| ३ | रुकुमकोट बसपार्क पहुच मार्ग निर्माण | लागत इस्टिमेट अनुसार | |
| ४ | ओखरेन बस्ती विकास योजना | लागत इस्टिमेट अनुसार | |

**प्रस्ताव नं ४ प्रदेश बिशेष अनुदान योजना माग सम्बन्धमा ।**

**निर्णय नं ४:**

आगामी आव २०८३।८४ का लागि कार्यान्वयन हुने संघिय बिशेष अनुदानका देहायको योजना तथा कार्यक्रमहरुको प्रस्ताव प्राथमिकरण गरी पठाउने निर्णय गरियो ।

| क. सं. | योजना/ कार्यक्रम | प्रस्ताव रकम |
|---|---|---|
| १. | कृषि क्षेत्रको व्यावसायिकरण र बजारीकरण प्रवर्द्धन कार्यक्रम | लागत इस्टिमेट अनुसार |
| २. | आधारभुत स्वास्थ्य सेवा सुदृढिकरण कार्यक्रम | लागत इस्टिमेट अनुसार |

**प्रस्ताव नं ५ सडक बोर्डको बजेट द्धारा संचालन हुने योजना छनौट सम्बन्धमा ।**

**निर्णय नं ५:**

सडक बोर्ड नेपालको मिति २०८२/०९/२८ को च.नं ६७९ को प्राप्त पत्र अनुसार आ.व. २०८२/८३ का लागि सडक बोर्ड नियामावली २०६० को परिच्छेद ३ को मार्ग निर्देशन बमोजिम कार्यान्वयन हुने गरी यस गाउँपालिका अन्तरगत रु ५ लाख विनियोजन भएकोले देहायको योजनामा खर्च गर्ने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | सडक बोर्डको बजेट रु | गापाको बजेट रु |
|---|---|---|---|
| १. | ढकालबारा स्वास्थ्य चौकी जाने बाटो निर्माण वडा नं ६ | ५,००,०००/- | १०,००,०००/- |

**प्रस्ताव नं ६ लागत साझेदारीमा विद्यालयको भवन निर्माण सम्बन्धमा ।**

**निर्णय नं ६:**

सिस्ने गाउँ कार्यपालिकाको मिति २०८२/०९/२३ गतेको निर्णय नं ८ बमोजिम निर्णय भएका विद्यालयमा शिक्षा तथा मानव श्रोत विकास केन्द्र द्वारा बजेट विनियोजन भइ सकेको कारण दोहरोपर्न जाने भएकोले सो निर्णयलाई बदर गरी चालु आव २०८२/८३ को शशर्त बजेट तथा कार्यक्रम अनुसार लागत साझेदारीमा आधारित विद्यालय भौतिक पुर्बाधार निर्माण अनुदान शिर्षकमा रु १ करोड ३० लाख विनियोजन भएकोले निर्मित गुरुयोजनाका आधारमा देहायका विद्यालयमा प्रदान गर्ने निर्णय शिक्षा समितिबाट पेश भएकोले अनुमोदन गर्ने निर्णय गरियो ।साथै कुल लागतको १० प्रतिशत रकम गाउँपालिकाको आन्तरिक श्रोतबाट बेहोर्ने निर्णय गरियो ।

| सि.न. | विद्यालयको नाम | भवनको प्रकार | बजेट रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सानीभेरी मावि लम्पाकोट वडा नं ८ | चार कोठे | रु ६५००००० | |
| २ | श्री जनज्योति मावि बल्लेचौर वडा नं १ | चार कोठे | रु ६५००००० | |

**प्रस्ताव नं ७ अनुगमन समितिको प्रतिबेदन पेश सम्बन्धमा ।**

**निर्णय नं ७:**

चालु आर्थिक वर्ष २०८२/८३ को बजेट तथा कार्यक्रम अनुसार संचालन भएका योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन तथा सुपेरीवेक्षण सम्बन्धि गतिविधि समेटिएको प्रतिबेदन उपाध्यक्ष श्री गोपाल रेउलेबाट पेश भइ व्यापक छलफल गरी पारित गरियो ।

**प्रस्ताव नं ८ ठेक्का गरिने योजनाको लागत अनुमान स्वीकृति सम्बन्धमा ।**

**निर्णय नं ८:**

सिस्ने गाउँपालिकाको चालु आव २०८२/८३ मा ठेक्का मार्फत कार्यान्वयन हुने तपशिल बमोजिमका योजनाहरुको प्राविधिक सर्भे गर्दा गाउँपालिकाको विनियोजित बजेट भन्दा बढि रकम लागत अनुमान हुन आएकोले हाललाई सोही अनुसारको लागत अनुमान स्वीकृत गर्ने र विनियोजित बजेट भन्दा बढि भएको रकम गाउँपालिकाको आगामी गाउँ सभाबाट थप गर्ने गरी श्रोत सुनिश्चित गर्ने निर्णय गरियो।

तपशिलः

| सि.न. | योजनाको नाम | विनियोजन बजेट | स्वीकृत लागत अनुमान | गापाबाट बेहोर्ने श्रोत (अधिकतम रकम) |
|---|---|---|---|---|
| १ | श्री सानीभेरी मावि लम्पाकोट वडा नं ८ | ७१,५०,०००/- | ७८,३१,५३०/- | ६,८१,५३०/- |
| २ | श्री जनज्योति मावि बल्लेचौर वडा नं १ | ७१,५०,०००/- | ८३,६०,५२९/- | १२,१०,५२९/- |
| ३ | श्री त्रिभुवन जनता मावि छिप्रिदह वडा नं ६ | १,३०,००,०००/- | १,३२,८६,३५०/- | २,८६,३५०/- |
| ४ | तितेखोला-अमलाचौर-धाउने सडक स्तरोन्नति | १,००,००,०००/- | १,५०,००,०००/- | ५०,००,०००/- |
| ५ | खाराचोक-चोकबजार-बस्नेत टोल-कार्की टोल-रुलीखोला सडक | ३४,३२,०००/- | ५०,००,०००/- | १५,६८,०००/- |
| ६ | नेपालबैकचोक देखि दुरसंचार सम्म सडक निर्माण (LISP) | ५०,००,०००/- | ७५,००,०००/- | २५,००,०००/- |
| ७ | कोरबास-खोपीचार-होर्दिङ सडक स्तरोन्नति (LISP) | ५०,००,०००/- | ७५,००,०००/- | २५,००,०००/- |

**प्रस्ताव नं ९ खानेपानी सम्बन्धि ठुला योजना सिफारिस सम्बन्धमा ।**

**निर्णय नं ९:**

सिस्ने गाउँपालिकाको विभिन्न क्षेत्रमा आवश्यक देखिएका देहायका खानेपानी सम्बन्धि योजनाहरु आगामी आव २०८३/८४ का लागि छनौट गरि संघिय खानेपानी तथा ढल व्यवस्थापन कार्यालय पोखरामा सिफारिस गरि पठाउने निर्णय गरियो ।

| क्र.स. | योजनाको नाम | अनुमानित बजेट | लाभाम्वित घरधुरी |
|---|---|---|---|
| १. | खोपीचार रुकुमकोट बृहत खानेपानी आयोजना वडा नं ६ | २५ करोड | १३०० |
| २. | बैसा-खोरिया-भिङ खानेपानी आयोजना | १० करोड | ३०० |
| ३. | रसुछहरा-ठाराखोला-मैदान खानेपानी आयोजना | १५ करोड | ५०० |

**प्रस्ताव नं १० घर नक्सा अभिलेखिकरण सम्बन्धमा ।**

**निर्णय नं १०:**

सिस्ने गाउँपालिका अन्तर्गत राष्ट्रिय भवन निर्माण सहिता तथा भवन निर्माण मापदण्ड लागु भइ सकेकोले मापदण्ड लागु हुनु पुर्व निर्माण सम्पन्न भइ सकेका भवनको हकमा एक पटकका लागि मिति २०८२ असार मसान्त सम्म तोकिएको दरमा २० प्रतिशत जरिमाना गरी अभिलेखिकरण खुल्ला गर्ने निर्णय गरियो ।